नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

# राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

बबरमहल, काठमाडौं

**व्यवसायिक रुपमा वन्यजन्तुको पालन, प्रजनन् तथा उपयोग सम्बन्धी मापदण्ड, २०८० परिमार्जनको लागि राय, सुझाव तथा प्रतिक्रिया संकलन सम्बन्धी सूचना**

(सूचना प्रकाशित मितिः २०८३/०४/२७)

नेपालमा व्यवसायिक रूपमा वन्यजन्तुको पालन, प्रजनन् तथा उपयोगलाई थप व्यवस्थित बनाउनका लागि **"व्यवसायिक रुपमा वन्यजन्तुको पालन, प्रजनन्** तथा उपयोग **सम्बन्धी मापदण्ड, २०८०"** लाई परिमार्जन गरी समयसापेक्ष सुधार गर्नुपर्ने भएकोले राय, सुझाव तथा प्रतिक्रिया संकलन गर्न यो सूचना प्रकाशित गरिएको छ।

मापदण्डको विद्युतिय प्रति यस विभागको आधिकारिक वेबसाइट **https://dnpwc.gov.np/** बाट डाउनलोड गरी अध्ययन गर्न सकिनेछ। मापदण्ड परिमार्जनका लागि आफ्ना अमूल्य राय, सुझाव तथा प्रतिक्रियाहरू यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिनभित्र** (मिति २०८३/०५/१० गते सम्म निम्नानुसारका माध्यमबाट सुझाव उपलब्ध गराईदिनुहुन हार्दिक अनुरोध छ।

**राय/सुझाव पठाउने ढाँचा**

- सुझावकर्ताको नाम/संस्थाको नामः
- ठेगाना र सम्पर्क नम्बरः
- ईमेलः
- पेस गरिएका मुख्य राय/सुझावहरूः
    - परिमार्जन गर्नुपर्ने दफा/बूँदा र कारणः
    - नयाँ थप्नुपर्ने विषयहरूः
    - हटाउनुपर्ने वा संशोधन गर्नुपर्ने प्रावधानहरूः

**सुझाव पठाउने माध्यमहरूः**

- **ईमेलः info@dnpwc.gov.np**
- **हुलाक वा प्रत्यक्ष दर्ताः** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाडौं ।

थप जानकारीका लागि कार्यालयको फोन नम्बर ०१५३२०८५०, ईकोलोजी शाखामा सम्पर्क राख्न समेत अनुरोध छ ।

२०८३/०४/२६